आज मिति २०८३ असार २३ गते मंगलबारका दिन विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६ को व्यवस्था अनुसार जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) का अध्यक्ष प्रमुख जिल्ला अधिकारी श्री बन्दना राईको अध्यक्षतामा तपसिल बमोजिमको पदाधिकारीहरूको उपस्थितिमा बैठक बसी देहाय अनुसारको निर्णय गरियो।

विशेष उपस्थिति

१. समन्वय उप-प्रमुख, श्री श्री प्रसाद कार्की, जिल्ला समन्वय समितिको कार्यालय, तेह्रथुम

उपस्थितिः

| हस्ताक्षर | नामथर | कार्यालय | दर्जा |
|---|---|---|---|
| | श्री बन्दना राई | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | प्र.जि.अ. |
| | श्री संजय कुमार तुम्बाहाम्फे | म्याङलुङ नगरपालिका, तेह्रथुम | नगर प्रमुख |
| | श्री कपिल देव सिंघक | राष्ट्रिय स्वतन्त्र पार्टी, तेह्रथुम | |
| | श्री निर्मल कुमार खतिवडा | नेपाली काङ्ग्रेस, तेह्रथुम | प्रतिनिधि |
| | श्री जनक रिमाल | नेकपा एमाले, तेह्रथुम | प्रतिनिधि |
| | श्री | नेपाली कम्युनिष्ट पार्टी, तेह्रथुम | सह-सचिव |
| | श्री सुविन्द्र कुमार थेगुवा | श्रम सास्कृतिक पार्टी, तेह्रथुम | संयोजक जिल्ला सदस्य |
| | श्री डम्वर कुमार लिम्बु | श्रम सास्कृतिक पार्टी, तेह्रथुम | जिल्ला सदस्य |
| | श्री | राष्ट्रिय प्रजातन्त्र पार्टी, तेह्रथुम | |
| | श्री कृष्ण तिवारी | शत्रुमर्दन गुल्म, तेह्रथुम | सेनानी |
| | श्री लक्ष्मण ओली | जिल्ला प्रहरी कार्यालय, तेह्रथुम | प्र.ना.उ. |

| हस्ताक्षर | नामथर | कार्यालय | दर्जा |
|---|---|---|---|
| | श्री महेश राज विष्ट | शसस्त्र प्रहरी बल, नेपाल नं. ३ गुल्म हे.क्वा | स.प्र ना.उ. |
| | श्री डिल्लीराम भट्टराई | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, तेह्रथुम | प्र.अ.अ. |
| | सरोज कार्की | जलस्रोत तथा सिंचाइ विभाग डिभिजन, तेह्रथुम | डिभिजन प्रमुख |
| | चण्डी प्रसाद साह | डिभिजन वन कार्यालय | प्रमुख |
| | तारा बी. श्रेष्ठ | ते. उ. वा. संघ | अध्यक्ष |
| | सञ्जोग लिम्बु सिंदंक | जिल्ला समन्वय समितिको कार्यालय | सब-ई |
| | श्याम कुमार कटेल | नेपाल टेलिकम | का.प्र. |
| | रमेश चन्द्र दाहाल | वसन्तपुर नयाँ शहर आयोजना | ले.पा. |
| | [illegible] कार्की | ने.वि.प्रा., तेह्रथुम वि.के. | का.प्र. |
| | हिरालाल राई | कृषि ज्ञान केन्द्र, तेह्रथुम | कृषि अधिकृत |
| | श्री कृष्ण दाहाल | ने.रे.सो.जि. शाखा | सभापति |
| | टि.आर. सेनेहाङ | नेपाल पत्रकार महासंघ | अध्यक्ष |
| | शंख नेपाल | कारागार कार्यालय तेह्रथुम | सलेचा |
| | चित्र कुमार भट्टराई | जिल्ला प्रशासन कार्यालय | सी.डि. |
| | सुशिल सियौला | जिल्ला प्रशासन कार्यालय | ना.सु. |
| | धर्मराज कार्की | जिल्ला प्रशासन कार्यालय | ना.सु. |
| | [illegible] | 〃 | 〃 |

## २०८३ असार २३ गते बसेको जिल्ला विपद् व्यवस्थापन समिति बैठकका निर्णयहरू:-

१. मिति २०८३ बैशाख ११ गतेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकको कार्यान्वयनको अवस्थाको विषयमा छलफल गरियो।

२. गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको पत्र संख्या ०८२/०८३, चलानी नम्बर २०६५, मिति २०८३/३/११ गतेको पत्र साथ प्राप्त **"मनसुन प्रतिकार्य कमाण्ड पोष्ट"** का निर्णयहरु प्रभावकारी कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाउने। साथै विपद् प्रतिकार्यमा प्रयोग हुने सामग्रीहरुको समेत तयारी अवस्थामा राख्न सम्बन्धित निकायहरुलाई अनुरोध गर्ने।

३. गृह मन्त्रालय विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखाको पत्र संख्या ०८२/०८३, चलानी नम्बर ७९, मिति २०८३/३/१५ गतेको पत्र साथ प्राप्त निर्देशनहरुलाई आवश्यक कार्यान्वयन गर्ने/गराउने। साथै जोखिमयुक्त क्षेत्रहरुको निरन्तर निगरानी गर्दै पूर्वसावधानीका लागि सर्वसाधारणलाई समयमै सचेत गराउने।

४. मनसुन, शिलतहर, आगलागी, चट्याङ्ग, महामारी, आँधी प्रतिकार्य आपतकालीन कार्ययोजना, २०८३/०८४ मस्यौदा समितिले तयार गरी पेश भएको कार्ययोजना परिमार्जन सहित स्वीकृत गरियो।

५. मनसुनजन्य विपद् प्रभावित निजी आवास प्रवलीकरण, पुनर्निर्माण तथा पुर्नस्थापना अनुदान कार्यविधि, २०८१ बमोजिम यस जिल्ला अन्तर्गत लालीगुराँस नगरपालिका वडा नं ७ र ५ स्थानीय तह क्षेत्रभित्र मनसुनजन्य विपद् र आगलागीका कारणले क्षति पुगेका निजी आवास पुनर्निर्माण लागि माथि उल्लेखित कार्यविधिको दफा ६ बमोजिम स्थानीय विपद् व्यवस्थापन समितिको बैठकको निर्णयानुसार पहिचान भएका लाभग्राहीहरुको पहिललो किस्ता बापत रकम रु २५०००।- का दरले प्राप्त भएकाले उक्त रकम तत्काल ब्यक्तिले पाउने गरी स्थानीय विपद् व्यवस्थापन कोषमा भुक्तानी गर्ने।

तपसिल

| क्र.स. | नाम थरं | ठेगाना | वडा नं | विपद कारण |
|---|---|---|---|---|
| १ | देउमान लिम्बु | लागीगुरास नगरपालिका तेह्रथुम | ७ | आगलागी |
| ३ | मान बहादुर कार्की | लालीगुरास नगरपालिका तेह्रथुम | ५ | चट्याङ्ग |

६. विकासका कारण सृजना हुनसक्ने विपद्जन्य घटनाहरूबाट हुन सक्ने क्षतिलाई न्यूनिकरण गर्न विकास आयोजनाहरूले आ-आफ्नो कार्यक्षेत्रमा पर्ने संरचनाहरूको समयमै मर्मत गर्न आवश्यक व्यवस्था मिलाउने। साथै लोकमार्ग अवरोध भएमा तत्काल अवरोध हटाउन आवश्यक सहजिकरण गर्ने।

७. यस वर्ष मनसुनमा ठुलो मात्रामा पानी पर्न सक्ने मौसमविद्को पूर्वानुमान रहेकाले खोला/नदी थुनिन सक्ने, डुबान हुन सक्ने र पहिरो जान सक्ने क्षेत्रहरूमा आवश्यक पूर्वतयारी र प्रतिकार्यका कामहरू गर्ने।

८. पहिरोको सम्भावित क्षेत्रहरूमा स्थानीय तह र सर्वसाधारण सबैले तयारी र सजगता अपनाउने। सबै स्थानीय तहले स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र(LEOC) लाई क्रियाशिल/व्यवस्थित गर्ने र त्यसलाई जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र (DEOC) सँग कार्यात्मक सम्बन्ध स्थापित गर्न जिल्ला प्रशासन कार्यालयसँग निरन्तर समन्वय गर्ने।

९. वर्षायाम शुरु हुन लागेको सन्दर्भमा बाढी, पहिरो, चट्याङ्ग लगायतका घटनाबाट हुनसक्ने धन, जन र भौतिक क्षतिलाई न्यूनीकरण गर्न सबै स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति र सबै सम्बन्धित निकाय तयारी अवस्थामा रहने।

१०. आठराई गाँउपालिका वडा नं -६ चुहानडाँडाका बसन्त लिम्बुको घर एक्कासी भत्किई उक्त घरमा मानिस बसोबास गर्न नहुने भई अरुको घरमा बसिरहेको हुनाले उक्त पालिकाको स्थानीय विपद व्यवस्थापन समितिले निर्णय गरि पठाए पछि उक्त परिवारलाई तत्कालका लागि विपद्बाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि २०८१को अधिनमा रही अस्थायी आवास निर्माणको लागि अनुदान उपलब्ध गराउने ।

११. मिति २०८३ असार २२ गते बसेको जिल्ला सुरक्षा समितिको बैठकबाट स्वीकृत भएको विपद् प्रतिकार्यका लागि QRT/IRT परिचालन योजना, २०८३/०८४ बमोजिम सम्बन्धित सम्पूर्ण सरोकारवाला निकायहरुले कार्यान्वयन गर्ने/गराउने।

१२. जलवायु परिवर्तनको कारण वर्षातको समय विगतभन्दा लामो वा छोटो, अघि वा पछी हुन सक्ने र क्षतिको अवस्था पनि पुर्वानुमानयोग्य नहुने भएकोले सोही अनुरूप तयारी अवस्थामा रहने।

१३. अत्याधिक गर्मी वा तातो हावाको लहर (लु) र खडेरीका लागि पूर्वतयारी पूर्वकार्य तथा शीघ्र प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०८३ को दफा छ को उपदफा ६.३ मा उल्लेख भएको खडेरी सम्बन्धी  कार्ययोजना बमोजिम नक्सांकन HOTSPOT WARD पहिचान र खडेरी आकस्मिक योजना अनुसार बर्षाको पानी संकलन, मुहान संरक्षण र साना-मझौला जलाशय निर्माण सम्बन्धी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने/गराउने।

१४. बाँदर आतङ्क नियन्त्रण गर्न बाँदरले नखाने खेती प्रणाली (ओखर, बेसार, अदुवा, कागती, टिमुँर, अम्लिसो इत्यादी) अवलम्बन गर्न राष्ट्रिय कृषि आधुनिकिरण कार्यक्रम, कार्यक्रम कार्यान्वय इकाई, कृषि ज्ञान केन्द्र र डिभिजन वन कार्यालयले सबै स्थानीय तहसँग समन्वय गरी यथाशिघ्र कार्ययोजना पेश गर्ने। (जिल्लां विपद् व्यवस्थापन समितिमा)

१५. उपयूर्क्त सबै कार्य तथा विपद् व्यवस्थापन सँग सम्बन्धित सम्पूर्ण सरोकारवाला निकाय, व्यक्ति र संस्थाहरूले आ-आफ्नो भूमिका तथा कर्तव्य निर्वाह गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

आज मिति २०८३/०१/११ गते शुक्रबारका दिन विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६ को व्यवस्था अनुसार जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) को बैठक समितिका अध्यक्ष प्रमुख जिल्ला अधिकारी श्री बन्दना राईको अध्यक्षतामा तपसिल बमोजिमको पदाधिकारीहरूको उपस्थितिमा बैठक बसी देहाय अनुसारको निर्णय गरियो।

विशेष उपस्थिति

१. मा. कमला दर्नाल, कोशी प्रदेश सभा सदस्य तथा न्याय प्रशासन तथा विधायन समिति, सभापती
२. मा.सदानन्द मण्डल, कोशी प्रदेश सभा सदस्य तथा न्याय प्रशासन तथा विधायन समिति, सदस्य
३. मा. गिता तिम्सिना, कोशी प्रदेश सभा सदस्य तथा न्याय प्रशासन तथा विधायन समिति, सदस्य
४. मा. सीला कार्की, कोशी प्रदेश सभा सदस्य तथा न्याय प्रशासन तथा विधायन समिति, सदस्य
५. मा. रमेश कुमार बस्नेत, कोशी प्रदेश सभा सदस्य तथा न्याय प्रशासन तथा विधायन समिति, सदस्य
६. मा. किशोर चन्द्र दुलाल, कोशी प्रदेश सभा सदस्य तथा सार्वजनिक लेखा समिति, सदस्य
७. समन्वय प्रमुख, श्री गुमान सिं ईस्वो, जिल्ला समन्वय समितिको कार्यालय, तेह्रथुम

उपस्थितिः

| हस्ताक्षर | नामथर | कार्यालय | दर्जा |
|---|---|---|---|
| | श्री बन्दना राई | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | प्र.जि.अ. |
| | श्री संजय कुमार तुम्बाहाम्फे | म्याङलुङ नगरपालिका, तेह्रथुम | नगर प्रमुख |
| | श्री | लालीगुराँस नगरपालिका, तेह्रथुम | |
| | श्री यादव बहादुर खापुङ | मेन्छयायेम गाँउपालिका,तेह्रथुम | अध्यक्ष |
| | श्री बलिराज ईङनाम | आठराई गाँउपालिका,तेह्रथुम | उपाध्क्षय |
| | | छथर गाँउपालिका,तेह्रथुम | |
| | श्री मन बहादुर श्रेष्ठ | फेदाप गाँउपालिका,तेह्रथुम | वडा अध्यक्ष |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

| हस्ताक्षर | नामथर | कार्यालय | दर्जा |
|---|---|---|---|
| | ई. सुमन खत्री | राष्ट्रिय स्वतन्त्र पार्टी, तेह्रथुम | ~~सचिव~~ सभापति |
| | श्री विश्व प्रकाश तुम्वाहाम्फे | नेपाली काङ्ग्रेस, तेह्रथुम | सह-सचिव |
| | श्री तारामान मादेन | नेकपा एमाले, तेह्रथुम | सचिव |
| | श्री रमेश घिमिरे | नेपाली कम्युनिष्ट पार्टी, तेह्रथुम | सह-सचिव |
| | श्री छविलाल लिम्बु | श्रम सास्कृतिक पार्टी, तेह्रथुम | जिल्ला सदस्य |
| | श्री टंक प्रसाद अधिकारी | राष्ट्रिय प्रजातन्त्र पार्टी, तेह्रथुम | अध्यक्ष |
| | श्री धिरज कुमार ठाकुर | शत्रुमर्दन गुल्म, तेह्रथुम | सहसेनानी |
| | श्री लक्ष्मण ओली | जिल्ला प्रहरी कार्यालय, तेह्रथुम | प्र.ना.उ. |
| | श्री महेशराज विष्ठ | शसस्त्र प्रहरी बल, नेपाल नं. ३ गुल्म हे.क्वा | स.प्र.ना.उ. |
| | श्री डिल्लीराम भट्टराई | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, तेह्रथुम | प्र.अ.अ. |
| | राजन (वट) | तेह्रथुम उद्योग वाणिज्य | प्र उपाध्यक्ष |
| | श्यामकुमार कठेत | नेपाल टेलिकम तेह्रथुम | का.प्र. |
| | सुदिप झा | बसन्तपुर नयाँ शहर आयोजना कार्यालय | आयोजना प्रमुख |
| | सीता लिम्बु | पत्रकार महासंघ | उपाध्यक्ष |
| | श्रीकृष्ण दाहाल | ने०रे०सो० जि० शाखा | सभापति |
| | बद्रीप्रसाद साह | वन | D.F.O |
| | मनोज लिम्बु | रेडियो मेन्छ्यायेम तेह्रथुम | स्टेसन म्यानेजर |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

| हस्ताक्षर | नामथर | कार्यालय | दर्जा |
| --- | --- | --- | --- |
| | कृष्ण गौतम | Ktm online tv | सञ्चारकर्मी |
| | श्याम कुमार कटेल | नेपाल टेलिकम तेह्रथुम | का.प्र. |
| | शकुन्तला खनाल | प्रदेश सभा सचिवालय विराटनगर | ना.सु. |
| अन्जुना | अन्जुना कोइराला | " — " | का.स. |
| | निरजा कंडेल | " — " | ना. स्व. |
| | अर्जुन घिमिरे | प्रदेश सभा सचिवालय | उपसचिव |
| | बालकृष्ण लिम्बु | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | स.प्र.जि.अ. |
| | गोविन्द लिम्बु | " " " | प्र.अ. |
| | रामप्रसाद भट्टराई | " " | ना.सु. |
| | सुनिल सिटौला | " | " |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## २०८३/०१/११ गते बसेको जिल्ला विपद् व्यवस्थापन समिति बैठकका निर्णयहरूः-

१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ८(च) एवं ८(द) बमोजिम खोज उद्धार कार्यलाई प्रभावकारी र व्यवस्थित बनाउन विपद् स्वयंसेवक समूह, स्थानीय तहले छनौट गरि गठन गर्ने। सो समूहलाई जिल्ला स्थित सुरक्षा निकाय, सरकारी तथा गैर सरकारी निकायको सहयोग एवं सहजीकरणमा तालिम प्रदान गर्ने व्यवस्था मिलाउने।

२. यो आर्थिक बर्षमा जिल्ला विपद् व्यवस्थापन समिति द्वारा स्वीकृत विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८२, मनसुन, आगलागी, चट्याङ्ग, महामारी, आँधी प्रतिकार्य आपतकालीन कार्ययोजना,२०८२, आगलागी तथा डढेलो नियन्त्रण न्यूनीकरण योजना, २०८२, ले तेह्रथुम जिल्लामा जोखिमयुक्त स्थान, बस्ती, सम्भावित विपद् र आगलागी वन डढेलो, पहिरो लगायतका विपद्को पहिचान गरेको छ। सो बमोजिम उक्त प्रतिकार्य योजनाहरू सबै स्थानीय तह, जिल्ला स्थित सुरक्षा निकाय, सरकारी कार्यालय तथा सरोकारवाला निकायहरूबाट कार्यान्वयन गर्ने साथै प्रभावकारी रुपमा जनचेतनामूलक कार्यक्रमहरू संचालन गर्ने गराउने।

३. तेह्रथुम जिल्ला आगलागीजन्य विपद्का दृष्टिले संवेदनशील रहेको सन्दर्भमा यो आर्थिक बर्ष २०८२/८३ को आगलागीको समयमा मानवीय तथा भौतिक क्षतिको न्यूनिकरणको लागि सबै क्षेत्रबाट जवाफदेहिताका साथ कार्य गर्ने/गराउने साथै यस प्रकारको घटनाको सम्बन्धमा सचेतना प्रचार/प्रसार गर्ने, आगो लागेको/लगाएको सुचना दिने व्यक्तिको नाम गोप्य राख्दै निजलाई पुरस्कृत गर्ने र कसैको लापरबाही एवं नियतबस आगो लगाएको भएमा कानूनी दायरामा ल्याई आवश्यक कारबाही कानूनी गर्ने ।

४. जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला अस्पताल, नेपाल रेडक्रस सोसाईटी समेतको सहयोग र सहकार्यमा स्थानीय तहले हुन सक्ने सम्भावित विपद् तथा जोखिमको घटनालाई मध्य नजर गर्दै आकस्मिक उपचारको लागि रगतको उपलब्धतालाई विशेष प्राथमिकता दिई वडा बासि नागरिकहरूको ब्लड ग्रुप पहिचान गरी सूची तयार गर्न सबै स्थानीय तहलाई अनुरोध गर्ने ।

५. बर्षायाम सुरुहुन लागेको सन्दर्भमा बाढी, पहिरो, चट्याङ्ग लगायतका घटनाबाट हुन सक्ने धन, जन र भौतिक क्षतिलाई न्यूनीकरण गर्न सबै स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति र सबै सम्बन्धित निकायहरु तयारी अबस्थामा रहने।

६. जलवायु परिवर्तनको कारण वर्षातको समय विगत भन्दा लामो वा छोटो, अघि वा पछी हुन सक्ने र क्षतिको अवस्था पनि पूर्वानुमानयोग्य नहुने भएकोले सोही अनुरूप तयारी अवस्थामा रहने।

७. यस जिल्लामा संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट चालु आर्थिक बर्षमा विनियोजित एवं स्वीकृत कार्यक्रम अन्तर्गत संचालित विकास आयोजना र कार्यक्रम तदारुकताका साथ तोकिएको मापदण्ड र समयमा सम्पन्न गर्न सम्वन्धित कार्यालय प्रमुखहरू जिम्मेवार बन्ने ।

८. जिल्लास्थित सबै स्थानीय तहहरुले बैशाख महिना भित्र आफ्नो नगरपालिका/गाँउपालिका भित्रको जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना (Local Disaster Preparedness and Response Plan-LDPRP)-२०८२/०८३ अद्यावधिक गरी जिल्ला विपद् समितिमा पठाउने। सो आधारमा जिल्ला विपद् समितिले जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना (Disaster Preparedness and Response Plan-DPRP)-२०८२/०८३ DPRP लाई अद्यावधिक गर्ने।

९. कोशी प्रदेश सभा सदस्य तथा न्याय प्रशासन तथा विधायन समितिले आयोजना गरेको जिल्ला विपद् व्यवस्थापन समितिसँग छलफल तथा अन्तरक्रिया कार्यक्रममा उठेका विषय बस्तुहरुलाई सम्बन्धित निकायहरुले तदारुकताका साथ कार्यान्वयन प्रक्रियामा अगाडि बढाउने।